स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आफ्नो पहिलो अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा सहभागी हुने सिलसिलामा अभिनेत्री मेनुका प्रधान युरोपेली मुलुक चेक गणतन्त्रतर्फ प्रस्थान गरेकी छन् । उनी अभिनित कथानक फिल्म 'गुराँस' आज (बुधबार) राजधानी प्रागको दी कार्लोभी भारी अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा विश्व प्रिमियर हुँदैछ । अन्तर्राष्ट्रिय फेस्टिभलमा उनको यो पहिलो अनुभव हुनेछ । उनको सहभागिताको पहिलो अनुभव हो ।

आजको विचार...



राजेन्द्र किराती

भ्रष्टाचार...

(दुई पेजमा)



रेखा थापाले निर्माण गर्न लागेको फिल्मबाट गायिका एलिना चौहानले पार्श्वगायनमा डेब्यु गरेकी छन् । गुरुपूर्णिमाको अवसरमा सोमबार एलिना र बाबुल गिरीको स्वरमा गीत 'ओए काली ओए काली' रेकर्ड भएको छ । गीतमा बाबुलको संगीत र शंकर अधिकारी घायलको शब्द रचना रहेको छ । निर्देशक ज्ञानेन्द्र देउजाले गीत रेकर्डसँगै फिल्मको निर्माण कार्य सुरु भएको बताए । रेखा फिल्म्सको ब्यानर मा निर्माण हुन लागेको यो फिल्मले मंगलबार चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिने तयारी छ ।

❒ वर्ष २८ ❒ अंक ३३७ ❒ २०८० असार २० गते बुधबार 5 July 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### लुम्बिनीमा विनियोजन विधेयक पारित

**पाल्पा,** असार १९/लुम्बिनी प्रदेशसभाले विनियोजन विधेयक पारित गरेको छ । मंगलबार बसेको बैठकले आगामी आर्थिक वर्षको सेवा र कार्यका लागि सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको हो ।

अर्थमन्त्री धनबहादुर मास्कीले विधेयकमाथि छलफल गरियोस् भनि प्रस्ताव राखेका थिए, तर प्रतिपक्ष एमालेका सांसदहरुले विरोध गरेका थिए । विरोधका कारण छलफल भने अगाडि बढ्न सकेन । दिउँसो साढे १ बजेदेखि सुरु भएको बैठक एमाले सांसदहरुको अवरोधका कारण एक घण्टाका लागि स्थगित गरिएको थियो । लामो समयसम्म पनि छलफल नभएपछि सभामुख तुलराम (बसन्त) घर्तीले निर्णायार्थ पेस गरेको विधेयकलाई बहुमतले पास गरेको हो । प्रदेशसभामा एमालेका सांसदहरुले खारेज भएका निर्देशनालयहरु फिर्ता ल्याउनुपर्ने माग गर्दै सुरुदेखि नै आन्दोलन गर्दै आएका छन् । सोमबारको बैंठकमा पनि प्रतिपक्ष दल एमालेको अवरोधका बीच बजेटमाथिको सैद्धान्तिक छलफल सकिएको थियो । सभामुखले उपलब्ध गराएको समयमा पनि सरकार र प्रतिपक्ष दलबीच कुनै संवाद र छलफल हुन नसकेपछि सभामुखले विरोधकै बीच बैठक सुरु गरेका थिए । उक्त बैंठकमा अर्थमन्त्रीले असार १ गते प्रस्तुत गरेको आगामी वर्षको सरकारको राजस्व र व्ययको वार्षिक अनुमान बजेट वक्तव्यमाथिको सैद्धान्तिक छलफल भएको थियो ।

# जोखिममा तिनाउ नदी आसपासका बस्ती

## सतर्कता अपनाउन आग्रह

हाम्रा संवाददाता

**पाल्पा,** असार १९/रुपन्देही र पाल्पा आसपासमा शुक्रबार रातिदेखि परेको निरन्तरको वर्षाले तिनाउ नदीमा बाढी आएको छ । लगातारको वर्षाका कारण नदीमा आएको बाढीले पानीको सतह खतराको तह पार गरेको छ । शनिबार बिहानदेखि पानीको सतह बढेको हो । मंगलबारसम्म आइपुग्दा नदीमा पानीको सतह बढेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । बाढीले आसपासका बस्ती जोखिममा परेका छन् । निरन्तरको वर्षाका कारण नदीमा जलसतहले खतराको तह पार गरेको भन्दै महाशाखाले उच्च सतर्कता अपनाउन नदी किनारबासीलाई आग्रह गर्दै आएको छ ।

बाढी मापन केन्द्र बुटवलका अनुसार तिनाउमा मंगलबार बिहान ७ बजेको समयमा पानीको सतह ७.२२ मिटर पुगेको थियो । जलसतह ५.२ मिटरलाई सतर्कता तह मानिन्छ भने ५.६ मिटरलाई खतराको तह मानिन्छ । मंगलबार बिहानैदेखि तिनाउले खतराको तह पार गरेको हो । नदीले खतराको तह पार गरे पनि अहिलेसम्म मानवीय र भौतिक क्षति भने भएको छैन । तिनाउ लगायत



रुपन्देहीका अन्य नदीमा पनि पानीको बहाव बढेकाले नदी किनारमा रहेका सर्वसाधारणलाई सुरक्षित रहन जिल्ला प्रशासन कार्यालय रुपन्देहीले पनि आग्रह गरेको छ ।

रूपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले तिनाउ नदीले खतराको तह पार गरेकाले सबै स्थानीय सरकारलाई सतर्क रहन आग्रह गरेको बताए । पाल्पाको माडीबाट शुरु भएको तिनाउमा बुटवलसम्म आइपुग्दा साना ठूला ३० वटा बढी खोला मिसिएका छन् । हिउँद होस् या वर्षा जुनसुकै याममा पनि खोलाको बगर नै ढाकिएर विशाल आकारमा तिनाउ नदी वहने गर्दछ । निरन्तर वर्षा भइरहेको अवस्थामा नदी सतह पार गर्ने गर्दछ । नदी दोहन र अतिक्रमणकै कारण तिनाउ आसपासका क्षेत्र जोखिममा परेका हुन् । बाढी आउँदा आसपासका नागरिक त्रसित हुनुपर्ने अवस्था रहेको छ । नदी कटानका कारण नदी किनारका घरहरू झुण्डिएका जस्ता देखिन्छन् । पानी परेसँगै बाढी पस्ने र पहिरो खस्ने डरले धेरै स्थानीयवासीको निन्द्राभोक हराएको छ । यहाँको यो समस्या नयाँ भने होइन तर, यसको दीर्घकालीन समाधानमा कसैको पनि चासो देखिँदैन ।

नदी छेउमा सुकुम्बासीको नाममा अव्यवस्थित बसोबास गरेकाहरुलाई हटाउनुको साटो सरकारले जनताको तटबन्धका नाममा बस्ती बसाल्न प्रोत्साहित गरिरहेको छ । यो विषयलाई राजनीतिक दलका नेताहरु भोट बैंकको रुपमा प्रयोग गरिरहेका छन् । यही बस्तीलाई निर्वाचनताका भोटको निर्णायक बनाउने गरेका राजनीतिक दलहरुको स्वार्थ पनि बगरमा बस्ती बसाल्ने कार्यमा मिल्ने गरेको छ । नदीको अव्यवस्थित दोहनले समय समयमा आसपासका बासिन्दा पीडित हुने गरेका छन् । हरेक वर्ष करोडौ धनजनको क्षति पुऱ्याएको छ ।

# पहिरोमा परी तीनको मृत्यु




**अर्घाखाँची,** असार १९/अर्घाखाँचीको पणेनामा मंगलबार विहान साढे ६ बजे आएको पहिरोमा परी तीन बालबालिकाको मृत्यु भएको छ । पहिरोले पुरिएका चार बालबालिकामध्ये एकको सकुशल उद्धार भएको र तीनको मृत्यु भएको पाणिनी गाउँपालिकाका निर्वतमान अध्यक्ष तथा स्थानीय अच्युत गौतमले जानकारी दिए ।

पाणिनि-१ पणेनाको गोहनपानीमा घर माथिबाट खसेको पहिरोमा च्यापिएर उनीहरुको मृत्यु भएको उनको भनाइ छ । मृत्यु हुनेमा ११ वर्षे अञ्जु रास्कोटी, १० वर्षे धनबहादुर रास्कोटी र १२ वर्षे खुमबहादुर रास्कोटी रहेको उनले जानकारी दिए । साथै सकुशल उद्धार गरिएका १४ वर्षे सचिन रास्कोटीलाई उपचारका लागि पाल्पा पठाइएको १ का वडा अध्यक्ष कमल पोखेलले जानकारी दिए । घरमा छ जना बस्दै आएकोमा दुई जना गोठको काम गरिरहेको अवस्थामा पहिरो खसेको थियो । *-रासस*

# पेट्रोलियम पदार्थको मूल्य घट्यो : ठाउँपिच्छे फरक

**पाल्पा,** असार १९/नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घटाएको छ । सोमबार राति १२ बजेदेखि लागू हुने गरी ठाउँ पिच्छे मूल्य घटाइएको हो ।

निगमले काठमाडौं, पोखरा र दिपायलमा पेट्रोल, डिजेल र मट्टीतेलमा प्रतिलिटर ५/५ रुपैयाँ मूल्य घटाएको छ । तराई क्षेत्रमा भने प्रतिलिटर साढे ७ रुपैयाँ घटाएको छ । सुर्खेत र दाङमा प्रतिलिटर ६ रुपैयाँका दरले मूल्य घटाइएको निगमले जनाएको छ । निगमले पहिलो, दोस्रो र तेस्रो वर्गमा विभाजन गरेर मूल्य समायोजन गरेको हो । उसले तराईका चारआली, विराटनगर, जनकपुर, वीरगन्ज, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज र धनगढीलाई पहिलो वर्गमा राखेको छ भने सुर्खेत, दाङलाई दोस्रो र काठमाडौं, पोखरा, दिपायललाई तेस्रो वर्गमा राखेर मूल्य घटाएको छ । पहिलो वर्गका लागि प्रतिलिटर साढे ७, दोस्रो वर्गका लागि प्रतिलिटर ६ रुपैयाँ र तेस्रो वर्गका



लागि ५/५ रुपैयाँ मूल्य निर्धारण गरिएको हो । अब काठमाडौं, पोखरा र दिपालयमा पेट्रोलको उपभोक्ता मूल्य प्रतिलिटर १ सय ७० रुपैयाँ पर्नेछ, भने डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १ सय ५०/१ सय ५० रुपैयाँ पर्नेछ । त्यस्तै तराईमा पेट्रोलको उपभोक्ता मूल्य प्रतिलिटर १ सय ६७.५ रुपैयाँ पर्नेछ भने डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १ सय ४७.५/१ सय ४७.५ रुपैयाँ पर्नेछ । सुर्खेत र दाङमा पेट्रोलको उपभोक्ता मूल्य प्रतिलिटर १ सय ६९ रुपैयाँ पर्नेछ । डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १ सय ४९/१ सय ४९ रुपैयाँ पर्नेछ । एलपी ग्यासको मूल्य यथावत राखेको निगमले हवाइ इन्धनको भाउ आन्तरिकतर्फ प्रतिलिटर १४ रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रतिहजार लिटर १ सय १५ अमेरिकी डलरले घटाएको छ । २०७९ सालमा निगम घाटामा गएपछि सहज आपूर्तिका लागि सबै ठाउँमा एउटै मूल्य लागु गरिएको भए पनि अहिले सहज भएकाले क्षेत्रगत रूपमा मूल्य निर्धारण गरिएको निगमले जनाएको छ । भारतीय आयल कर्पोरेसनले गत आइतबार पेट्रोलियम पदार्थको नयाँ मूल्य सूची पठाएको थियो । इण्डियन आयल कर्पोरेशनले हरेक १५ दिनमा नेपाल आयल निगमलाई पठाउने व्यवस्था अनुसार नयाँ नेपाल आयल निगमलाई नयाँ मूल्य सूची पठाएको हो । आईओसीले यो पटक पठाएको मूल्यसूचीअनुसार पेट्रोल प्रतिलिटर १४ पैसा घटेर आएको छ भने डिजल २ रुपैयाँ १६ पैसा बढेर आएको थियो । त्यस्तै खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर १ सय ६१ रुपैयाँ घटेर आएको भए पनि नेपाल आयल निगमले भने मूल्य यथावत् राखेको छ । नेपाल सरकारद्वारा उपलब्ध गराइएको ऋण तथा मूल्यस्थिरीकरण कोष लगायतका अन्य दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको भएता पनि आम उपभोक्ताको हितलाई मध्यनजर गर्दै अहिले मूल्य समायोजन गरेको निगमले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विपद् पूर्वतयारीमा ध्यान देऊ

**असार, साउन महिना बर्खाको समय हो । यो समयमा बाढीपहिरो जाने गर्दछ । जसका कारण धेरैले अकालमै ज्यान गुमाउनु परेको छ । विगतमा जस्तै यस वर्ष पनि बर्खा लाग्न साथ देशका केही ठाउँहरुमा बाढीपहिरोले ठूलो क्षति पुऱ्याएको छ । विपद् बाजा बजाएर आउँदैन । विपद्बाट बच्न पूर्वसावधानी भने अपनाउन सकिन्छ । नेपालमा हरेक वर्ष ५ सयभन्दा बढी विभिन्न प्रकोपका घटना घट्ने गर्दछन् । यसमध्ये बाढी, पहिरो, चट्याङ, आगलागी, हावाहुरीका घटना बढी हुन्छन् । जसका कारण विपद्बाट ठूलो मात्रामा जनधनको क्षति र जीविकोपार्जनमा प्रतिकूल असर पारेको छ । नेपालमा पछिल्लो समय हुने गरेका विपद्जन्य घटनाको मुख्य कारण जथाभावी शुरु भएको डोजरे विकास रहेको छ । यस कारण विकासभन्दा पनि विनाश निम्त्याएको छ । यसतर्फ मुलुक निर्माणको जिम्मा लिएका ठेकेदारहरुको ध्यान पुगेको देखिँदैन । राज्यस्तरबाट हुनुपर्ने तयारी भने नगन्य देखिन्छ । यस्ता घटनाबाट हुने क्षति रोक्न राज्य असफल हुँदै गएको देखिन्छ ।**

**संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्स्थापनाको कामलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ भने विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकारको सूची रहेको छ । सबैभन्दा जिम्मेवार बन्नुपर्ने स्थानीय निकाय नै विपद् पूर्व तयारीका विषयमा मौन छन् । जतिबेला विपद् आउँछ र क्षति हुन्छ तब मात्र स्थानीय सरकारले चासो देखाएजस्तै गर्छन् । यसले गर्दा हरेक वर्ष जनताले विपद्बाट अकालमै ज्यान गुमाउनु परेको छ । विपद्पछि मात्र त्यसको रोकथाम, न्यूनीकरण, उद्धार र पुनर्स्थापनामा ध्यान दिने परिपाटी अन्त्य नभएसम्म यस्ता घटनाबाट नागरिक सधैं पीडित हुनुपर्ने अवस्था रहिरहन्छ । विपद्को पूर्वसावधानी कसरी अपनाउने ? सम्भावित विपद्को जोखिम विश्लेषण कसरी गर्ने ? जोखिम न्यूनीकरण तथा रोकथाम कसरी गर्ने जस्ता विषयमा समुदायस्तरमा विपद् व्यवस्थापनको अभियान चलाउन सक्नुपर्छ । यसमा स्थानीय तहको विशेष भूमिका रहने भएकाले विपद्को समयमा तत्काल आइपर्ने असामान्य परिस्थितिको सामना गर्न आपतकालीन योजना बनाउनुपर्छ । स्थानीय स्रोत, साधन र सीपको प्रयोगबाटै विपद् व्यवस्थापन गर्न सकिने भएकाले हरेक स्थानीय तहले पूर्वसतर्कतासहित विपद् व्यवस्थापनमा ध्यान दिन जरूरी देखिन्छ ।**

## Opinion @ Social Network

"कसैबाट अत्याधिक माया प्राप्त गरियो भने शक्ति मिल्छ,
कसैलाई अत्याधिक माया गरियो भने साहस मिल्छ ।"

*(धनु भुसालको फेसबुक स्टाटसबाट www.facebook.com//Dhanubhusal202)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्टाचार विरोधी कामसँग डराएर सरकार ढाल्ने ?



## राजेन्द्र किराती

*नेपाली संसदीय परम्परालाई नियाल्दा समस्याको समाधान दिनका लागि लोकतान्त्रिक प्रक्रियाहरू अगाडि बढ्दैनन्, बरु दलीय र नेतागत स्वार्थ, आग्रह-पूर्वाग्रह र कुण्ठाको कक्षवरिपरि लोकतान्त्रिक प्रक्रियाहरू कैद हुँदै आएका छन् । यस कारण सरकार परिवर्तन गर्ने चर्चाको पछि कुद्नुभन्दा सरकार परिवर्तन आजको हाम्रो समस्याको वस्तुवादी समाधान हो वा होइन भनी विश्लेषण गर्न जरुरी छ । प्रचण्डको नेतृत्वमा सरकार गठन भएको पाँच महिना मात्र हुँदै छ । यो अवधि भनेको सरकारको तयारी, छलफल र योजना निर्माणको समय हो । यही प्रारम्भिक योजना निर्माणको जगबाट निरन्तर अघि बढ्यौं भने परिणाम टाढाको विषय हुँदैन । अर्थात् सरकारले काम के कति गऱ्यो भनेर मापन गरिहाल्ने समय भएको छैन । यसका लागि लगभग एक-डेढ वर्षको समय सीमा दिनुपर्छ । सकारात्मक र सिर्जनशील रुपमा सरकारलाई सहयोग, सुझाव, सल्लाह र प्रतिक्रिया दिनुपर्छ ।*

पछिल्लो समय सरकार परिवर्तनको अलि बढी नै चर्चा-परिचर्चा हुन थालेको छ । गुणदोष जे भने पनि यो संसदीय प्रणालीको आधारभूत चरित्र हो । संसदीय शास्त्रीय परिभाषामा कुनै पनि पार्टी वा नेताले कुनै पनि बेला सरकारमाथि अविश्वासको प्रस्ताव पेस गर्न सक्छ । यो लोकतन्त्रको आदर्श हो, तर निहीत स्वार्थ र आग्रह-पूर्वाग्रहको फेरो समात्न थालेपछि त्यस्ता आदर्श केवल कलङ्क वा विवादको बिउ मात्र बन्न पुग्छ । समाधानसहितको सरकार परिवर्तन गर्नु भनेको उत्पादनमूलक लोकतान्त्रिक प्रक्रिया हो, तर जब यो पद प्राप्ति र आग्रह-पूर्वाग्रहको खेलमा सीमित हुन्छ, तब यसको कुनै औचित्य हुँदैन । नेपाली संसदीय परम्परालाई नियाल्दा समस्याको समाधान दिनका लागि लोकतान्त्रिक प्रक्रियाहरू अगाडि बढ्दैनन्, बरु दलीय र नेतागत स्वार्थ, आग्रह-पूर्वाग्रह र कुण्ठाको कक्षवरिपरि लोकतान्त्रिक प्रक्रियाहरू कैद हुँदै आएका छन् । यस कारण सरकार परिवर्तन गर्ने चर्चाको पछि कुद्नुभन्दा सरकार परिवर्तन आजको हाम्रो समस्याको वस्तुवादी समाधान हो वा होइन भनी विश्लेषण गर्न जरुरी छ ।

प्रचण्डको नेतृत्वमा सरकार गठन भएको पाँच महिना मात्र हुँदै छ । यो अवधि भनेको सरकारको तयारी, छलफल र योजना निर्माणको समय हो । यही प्रारम्भिक योजना निर्माणको जगबाट निरन्तर अघि बढ्यौं भने परिणाम टाढाको विषय हुँदैन । अर्थात् सरकारले काम के कति गऱ्यो भनेर मापन गरिहाल्ने समय भएको छैन । यसका लागि लगभग एक-डेढ वर्षको समय सीमा दिनुपर्छ । सकारात्मक र सिर्जनशील रूपमा सरकारलाई सहयोग, सुझाव, सल्लाह र प्रतिक्रिया दिनुपर्छ । सहीलाई सही र गलतलाई गलत भन्ने न्यूनतम आलोचनात्मक दृष्टिकोण राख्नैपर्छ । सरकार गलत बाटोतिर जाँदै छ भने समयमै सही दिशा निर्देश गर्नुपर्छ । योबाहेकको अवस्थामा पनि सरकारको विकल्प खोज्नु भनेको निरपेक्ष निहीत स्वार्थ निरपेक्ष निषेधमा आधारित हुन्छ, तर यहाँ सही उद्देश्यमा प्रचण्ड सरकारको विकल्प खोजिएजस्तो देखिँदैन । यसको पछाडि तपसिल बमोजिमको निहीत स्वार्थ र कुण्ठाले घर गरेको विश्लेषण गर्न सकिन्छ ।

**सरकारबाहिर बस्दाको पीडा**

नेपाली राष्ट्रिय राजनीतिमा सरकारमा बस्दा सबै ठीक र सरकारबाहिर बस्नुपर्दा सबै बेठीक हुने गलत परम्परा छ । राजनीति गर्नु नै देश र जनताको सेवा र समर्पण भावभन्दा पनि सांसद र मन्त्री बन्ने एकल महत्त्वाकाङ्क्षी प्रक्रियामा आधारित देखिन्छ । यो सबै पार्टी र नेताको हकमा लागू हुन्छ । आफूले गरेको सबै काम ठीक र अर्कोले त्यही काम गरे बेठीक भन्ने गलत भाष्य निर्माण गरिएको छ । यसले सिंगो राजनीतिलाई प्रदूषित र मूल्यहीन बनाइदिएको छ । आफू मात्र सही अरु सबै गलत भन्ने आत्मकेन्द्रित व्यक्तिवादी र पार्टीवादी स्वार्थ उत्कर्षमा पुगेको छ । यस्तो प्रवृत्तिले राजनीतिक मूल्य-मान्यता र आदर्शलाई तिलाञ्जली दिँदै आएको छ । पानी र माछाजस्तै भएका छन्, सरकार र पार्टी वा नेता । पानीबिना माछा बाँच्न नसकेजस्तै सरकारबिना पार्टी र नेता एकपल जिउनै नसक्ने स्थितिमा पुगेका छन् । यस्तो वस्तुगत र आत्मगत धरातलमा प्रतिपक्षमा बसिरहनु पक्कै पनि निकै पीडादायी हुन्छ । यही भावभूमिमा सरकारबाहिर बस्न बाध्य भएका पार्टी र नेतालाई केही अवसरवादी हुटहुटी जाग्नु स्वाभाविक हो । सरकार परिवर्तनको हल्ला वा चर्चा यस्तै सत्ता सुखभोगमा आधारित हुटहुटीकै अवसरवादी अभिव्यक्ति हो ।

**दलीय र नेतागत आग्रह-पूर्वाग्रह**

हाम्रो राजनीतिमा सैद्धान्तिक राजनीतिक दृष्टिकोणको अभ्यास निकै कम रहेको छ । दृष्टिकोणको राजनीति नभएको ठाउँमा नैतिकता र इमान-जमान पनि हुँदैन । यहाँ जसरी पनि चुनाव जित्ने र सांसद-मन्त्री बन्ने होडबाजीबाहेक अरु केही देखिँदैन । यसरी हारजितको चरम स्वार्थगत होडबाजीमा आधारित राजनीति एकले अर्कोलाई निषेध नगरी, नाङ्गो नपारी र नखुइल्याई अघि बढ्न सक्दैन । दृष्टिकोणको राजनीति नभएपछि एकले अर्कोलाई गाली नगरी, आरोप-प्रत्यारोप नगरी राजनीतिक फसल पाक्दैन । यो नमिठो सच्चाइ नेपाली राजनीतिको हो । यस्तो परिवेशमा कुनै एउटा पार्टी र नेताको भन्दा अझ उन्नत कार्ययोजना र कार्यक्रम पेस गरेर अघि बढ्ने कुरा आउँदैन । यस कारण हामी उनीहरूभन्दा प्रगतिशील र उन्नतशील भन्ने वस्तुवादी आधार पेस गर्नुपर्दैन । यस्तो वस्तुगत धरातलमा केवल अरु पार्टी र नेताहरूलाई तथानाम गाली गरे पुग्छ । उनीहरूलाई निषेध गरे पुग्छ, आग्रह र पूर्वाग्रह लिए पुग्छ । परिणामतः आज हाम्रो राजनीतिमा एउटा पार्टीले अर्को पार्टीलाई अनि एउटा नेताले अरु नेतालाई जन्मजातै गलत दृष्टिकोण राखिरहेको हुन्छ । यसरी दलीय आग्रह, पूर्वाग्रह र कुण्ठाकै बीच वर्तमान सरकारको विकल्प खोज्न थालिएको विश्लेषण गर्न सकिन्छ । यसले स्थायित्व, विकास र समृद्धिको यात्रामा बाधा पुऱ्याउने निश्चित छ । यसकारण यो सरासर गलत छ ।

**भ्रष्टाचारीलाई कारबाही**

नेपाल भनेको भ्रष्टाचार र काण्डैकाण्डले भरिएको मुलुक हो । यस्तो मुलुकमा भ्रष्टाचारलाई नियन्त्रण गर्नु चानचुने सवाल होइन । अर्थात् यहाँ भ्रष्टाचारविरुद्ध धावा बोल्न निकै ठूलो साहस चाहिन्छ । यस्तो वस्तुगत अर्थराजनीतिक धरातलमा वर्तमान सरकारले भने निकै गम्भीर जोखिम मोलेरै भ्रष्टाचारका फाइलहरू खोल्दै छ । यो सुखद, सकारात्मक, प्रशंसनीय र ऐतिहासिक थालनी हो । यसलाई सरकारले राम्रो कामको थालनी गरेको शुभसंकेतका रूपमा ग्रहण गरिँदै छ । जस्तोसुकै परिस्थिति आए पनि सरकारलाई पछि नहट्न जनताले दबाब दिइरहेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा दुई पूर्वमन्त्रीसहित दर्जनभन्दा बढी जेल चलान भइसकेका छन् । अरु गिरफ्तारीमा परिरहेका छन् । यता पशुपतिनाथको जलहरी काण्ड पनि छानबिनकै क्रममा छ । ललिता निवास जग्गा काण्ड छानबिनका लागि भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङ पनि गिरफ्तार परेका छन् । अझै ठूलो माछाहरू समातिने खतरा बढेको छ । यसले धेरैको निदहराम भएको छ । यी परिदृश्यले भ्रष्टाचारमा संलग्न जोसुकैलाई वर्तमान सरकारले नछाड्ने संकल्प लिएको देखिन्छ । राजनीतिक वृत्तमा ठूलै खैलाबैला आरम्भ भइसकेको छ । यी लगायत अन्य दर्जनौं फाइल खोल्ने सरकारको तयारी बुझ्न कठिन छैन ।

यस्तो वस्तुगत धरातलमा भ्रष्टाचारको फाइल खोल्ने सरकारलाई बेलैमा मर्मत गरियो भने फाइल पनि बेपत्ता वा ढिसमिस हुने कुरा उनीहरूले राम्ररी बुझेका छन् । कतिपय पार्टी र नेताहरूलाई यो पनि भय छ कि भोलि एकाएक आफ्नै नामको फाइल खोलियो भने हालत खराब हुन्छ । किनभने सरकारले नेपाली पानीको सबैभन्दा ठूलो माछालाई पनि नछाड्ने उद्घोष गरिसकेको छ । रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु वस्तुवादी हुन्छ भन्ने तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान सरकारलाई जति सक्दो छिटो ढाल्ने रणनीतिमा विपक्षीहरू रहेको विश्लेषण गर्न सकिन्छ । आफ्नो कमान्डमा नयाँ सरकार बनेपछि त फाइल आफ्नै अनुकूलता र प्रतिकूलतामा खोल्ने र बन्द गर्ने सहज परिस्थिति बन्नेछ । कारबाहीबाट बच्ने सबैभन्दा भरपर्दो उपाय भनेको तत्काल अर्को सरकार गठन नै हो । यस अतिरिक्त यो सरकारले केही जनपक्षीय काम पनि अघि बढाइरहेको छ । यसबाट पनि विपक्षीहरू अत्तालिएको हुनसक्ने विश्लेषण गरिँदै छ । सबै अवस्थामा सरकार परिवर्तन समस्याको समाधान होइन । भोलि बन्ने सरकारभित्र पनि खटपटी हुँदैन भन्ने वस्तुवादी आधार देखिँदैन । किनभने गठन हुँदा जुन विधि अपनाइएको छ, विघटन हुँदा पनि त्यही विधि हाबी हुन्छ । यो सार्वभौम नियम हो । यहाँनेर यही सरकार रहिरहनुपर्छ, अरु कुनै विकल्प छैन भन्ने होइन, तर यो सरकारलाई ढालेर अर्को सरकार गठन गरे पनि हामीले भोगिरहेका समस्या भने जहाँको तहीं हुनेछन् । अरु महत्त्वपूर्ण राजनीतिक सवालहरू उठे भने यसको विकल्प खोज्नैपर्छ । अन्यथा केवल प्रतिपक्षमा बस्दाको पीडा र दलीय वा नेतागत आग्रह-पूर्वाग्रहका कारण विक्षिप्त भएर सरकार ढाल्न खोजिन्छ भने त्यो सरासर गलत हुन्छ ।

वस्तुतः औसत आग्रह-पूर्वाग्रहकै कारण सरकारको विकल्प खोज्दा न समस्याको समाधान हुन्छ, न त अहिलेको सरकारले गर्न नसकेको काम अर्को सरकारले गर्न सक्छ । यसले केवल अर्को पार्टी र नेताहरूलाई सरकारी सुखभोगवादी अवसरसहित शक्तिमा विराजमान गराउँछ, वश हुने यति नै हो । यत्तिकै लागि सरकार ढाल्नु जताबाट नापे-तौले पनि वस्तुवादी, व्यावहारिक र अर्थपूर्ण काम हुँदैन । यो चरम पदलोलुप, अस्थिर, अवसरवादी, आग्रही र पूर्वाग्रहीभन्दा अरु केही होइन । तब भोलि अर्को पार्टीले पनि यस्तै पदचिह्न अनुसरण गर्नेछ, अनि हामी यस्तै सरकार ढाल्ने र गिराउने अनन्त चक्रव्यूहमा फस्नेछौं, जसले हामी कसैको हित गर्दैन ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तसँग कुनै पनि काम, व्यवहार गर्दा सावधानी अपनाउनु होला । | **तुला** : अधुरो काम पूरा हुनेछ। व्यवसायका लागि यात्राको सम्भावना हुनेछ । |
| **वृष** : नयाँ कामको थालनी हुनेछ । शुभ यात्राको योग छ । | **वृश्चिक** : आफन्तको सहानुभूति मिल्नेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **मिथुन** : मनमा उत्साह सिर्जना हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने बेला छ। | **धनु** : परिबन्धनमा परिने तथा भै झगडा हुने अधिक सम्भावना रहेको छ । |
| **कर्कट** : बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । | **मकर** : वैदेशिक कार्य अघि बढ्नेछ । आफन्तसँग भेटघाट पनि रहला । |
| **सिंह** : संयमता अपनाउनु राम्रो हुनेछ । कार्यमा बाधा पनि आउन सक्छ । | **कुम्भ** : कार्यमा सफलता मिल्नेछ । मनमा शान्ति छाउनेछ । |
| **कन्या** : काममा सफलता प्राप्त हुनेछ। प्रतिष्ठा र पदोन्नतिको सम्भावना पनि छ। | **मीन** : कार्यको लागि यात्रा हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |

## मनोरञ्जन

# दशैंमा विवाह गर्दै नायिका पूजा



अभिनेत्री पूजा शर्मा यस वर्ष विवाह बन्धनमा बाँधिने भएकी छन् । आगामी विजयादशमीमा उनले प्रेमी युद्ध बानियाँसँग लगनगाँठो कस्ने योजना बनाएकी छन् । उनी स्वयंले दशैंमा विवाह गर्न लागेको जानकारी दिइन् । उनका अनुसार, दशैंकै दिन विवाहको तयारी भैरहेको छ । यसपटक आगामी कात्तिक ७ गते दशैं परेको छ । यही मितिमा प्रेमी युद्धसँग उनले विवाह गर्न लागेकी हुन् ।

उनले भनिन्, 'दशैंमा विवाहको तयारी भैरहेको छ । यसपालि दशैंको टीकामा राम्रो भएकाले विवाह गर्न लागेका हौं ।' विवाहअघि उनले प्रेमी बानियाँसँग मिलेर काठमाडौंको झम्सिखेलमा होटल सञ्चालन गर्दैछिन् । होटलको कन्स्ट्रक्सनको काम अन्तिम चरणमा पुगेको छ । अहिले पूजा फिल्म 'दान्भी'को छायांकनमा व्यस्त छिन् । उनको पाइपलाइनमा अभिनेत्री रेखा थापाको फिल्म पनि छ । पूजा र युद्ध करिब ३ वर्षदेखि प्रेम सम्बन्धमा छन् । आृनो फिल्म 'म यस्तो गीत गाउँछु २' रिलिजको समयमा पूजाले युद्धसँगको प्रेम सम्बन्ध खुलेर व्यक्त गरेकी थिइन् । त्यसपछि उनीहरु सार्वजनिक कार्यक्रमहरुमा समेत एकसाथ पुग्ने गरेका छन् । पूजा र युद्धको एक पारिवारिक सदस्यको माध्यमबाट चिनजान भएको हो । युद्धले औंठी लगाइदिएर पूजालाई प्रेम प्रस्ताव राखेका थिए । गत वर्ष युद्धको जन्मदिनमा पूजाले आफूलाई भगवानले दिएको सबैभन्दा राम्रो उपहार भनेर उल्लेख गरेकी थिइन् । उनले लेखेकी थिइन्, 'तिमी मेरो सबैभन्दा राम्रो उपहार हौं, जुन भगवानले मलाई दिनुभएको छ । म तिमीलाई सधैंभरि माया गर्छु । तिमी मेरो जीवनमा तब आयौं जब म टुटेकी थिएँ । तिमी मेरो मुहारको मुस्कान, मेरो आँखामा हाँसो र मेरो जिन्दगीको खुशीको कारण हौं ।'

***-फिल्मी खबर डटकम***

# 'हात्तीछाप'को कार्यशालामा जोडिए दयाहाङ र उपासना



छायांकनको तयारीमा रहेको फिल्म 'हात्तीछाप'को कार्यशाला आइतबारदेखि सुरु भएको छ । वर्कसपमा दयाहाङ राई र उपासना सिंह ठकुरी जोडिएका छन् । आगामी बिहीबारदेखि छायांकन थाल्ने योजना रहेको निर्माता किरण नेपालीले जानकारी दिए । गत वर्षको हिट फिल्म 'दुई नम्बरी'पछि निर्माता नेपालीले यी दुई शीर्ष कलाकारसँग पुनः सहकार्य गरेका हुन् । यो फिल्मलाई सिमोस सुनुवारले निर्देशन गर्नेछन् । यो फिल्मलगत्तै सुनुवार 'हिमालय रोडिज सिजन ५' को छायांकनमा व्यस्त हुनेछन् भने दयाहाङ बाँसुरी फिल्म्सको नयाँ फिल्म 'राजागञ्ज'मा जोडिनेछन् ।

सामाजिक कथावस्तुमा निर्माण हुने बताइएको 'हात्तीछाप'को पटकथा प्रदीप भारद्वाजको छ । लेखक भारद्वाजका अनुसार फिल्मको बटमलाइन 'जे कर्म गऱ्यो परिणाम त्यहीअनुसार प्राप्त हुन्छ' भन्ने रहेको छ । फिल्ममा दयाहाङले गाउँको एक जागरुक युवाको भूमिका निर्वाह गर्नेछन् भने उपसानाले दयाको पात्रलाई साथ दिने चरित्र निभाउनेछिन् । सोसल ड्रामा जनरामा राखिएको यो फिल्मलाई कास्कीको ल्वाङ गाउँ र काठमाडौंमा छायांकन गरिने भएको छ । फिल्ममा सौगात मल्लको पनि शीर्ष भूमिका छ । तर सौगात भने साउनपछि मात्र छायांकन सेटमा जोडिने जनाइएको छ । 'फिल्मलाई लिएर उत्साहित छु । ग्रामीण युवामा ऊर्जा र प्रेरणा भर्ने खालको रोल मैले गर्नेछु,' दयाहाङले फिल्मले संक्षिप्त प्रतिक्रिया दिए । फिल्ममा विल्सनविक्रम राई, गौरव पहारी, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल, राजन खतिवडा, पुष्कर गुरुङ लगायतको अभिनय हुनेछ । फिल्मलाई सुसन प्रजापतिले खिच्नेछन् ।

***-अनलाइन खबर डटकम***

# 'बगान'को सुन्दर कथा




नाताले साढुभाइ, पेसाले गुरु - सुनील पोखरेलले डेढ वर्षअघि एक दिन सरोज (खनाल)लाई भने- जनता पब्लिकेसनले प्रकाशन गरेको एउटा पुस्तक छ, 'प्रेमिल', त्यो किनेर पढ । 'प्रेमिल'मा १८ कथा संगृहीत छन् । एउटा कथामा पढ्दै गर्दा उनी टक्क अडिए । कथा तीन पेजको छ । कथा नौलो होइन । त्यसमा सिंगल मदरको कथा छ । जे भइरहेको छ, त्यो गलत हो भन्ने धेरैलाई थाहा छ, तर कोही बोल्दैन । सरोजलाई लाग्यो- बोल्नुपर्छ । यसलाई श्रव्यदृश्यमार्फत भन्नुपर्छ भन्ने उनलाई लाग्यो । अक्सर सरोज अभिनयमै रमाउने कलाकार हुन्, यसमै रमाइरहेका छन् । जब यो कथा उनले पढे, उनलाई लाग्यो- यो कथा त मैले नै भन्नुपर्छ । घरघरमा यो समस्या छ । तर, देखिने गरी बोल्न कोही तयार छैन । काठमाडौंमा केही कम होला, चार भन्ज्याङ कटेर गए यो समस्या धेरै देखिन्छ ।

"छोराले विवाह गऱ्यो । तर, अल्पायुमै बुहारी बितिन् भने बुवाआमा, आफ्ना आफन्त, साथीभाइ, समाज सबैलाई छोराको विवाह गरिदिने चिन्ता हुन्छ," सरोज भन्छन्, "तर, त्यही घरमा छोरा बिते भने बुहारीको विवाह गरिदिन्छन् ? विवाह गरिदिने त परको कुरा, त्यो सोच्नु पनि अपराध सम्झिइन्छ ।" कथामा यही विषय थियो । कथा मन पर्नेबित्तिकै सरोजले लेखकलाई फोन गरे । सम्पर्क हुन सकेन । सरोज जनता पब्लिकेसन पुगे, जसले कथासंग्रह प्रकाशन गरेको थियो । पब्लिकेसनले भन्यो- हामीले किनिसकेको कथा हो, हामीसँग सम्झौता गर्नुस्, चलचित्र बनाउनुस् । तर, सरोजलाई राइटरलाई नै भेट्न मन थियो । कारण, कथाकारको मनोविज्ञान बुझ्न मन थियो उनलाई । कतिपय कुरा कथामा एक लाइन लेखेर छोडिएको थियो । त्यसको पत्रपत्र खोतल्नु थियो सरोजलाई । उनले भने- म तपाईंहरूसँग सम्झौता त गर्छु, तर मलाई लेखकको पनि नम्बर दिनुस् । सरोजले स्वप्निल निरवको नम्बर पाए । सरोजको फोनमा निरवले भने- म काठमाडौं आउँदै छु, भेटेर कुरा गरौंला । काठमाडौंमै भेटको मेसो मिल्यो । सल्लाहका लागि बसे । सरोजले निरवलाई भने- सिनेमा बनाउँदा केही कुरा थप्नुपर्छ । कतै चलाउनु पनि पर्छ, अनुमति दिन सक्नुहुन्छ ? "मेरो कथामा सिनेमा बन्नु आफैँमा ठूलो कुरा हो । कथाको मूल भावलाई नचलाई बनाउँदा हुन्छ," निरवले अनुमति दिए । सरोजका लागि यो कथामा सिनेमा बनाउन घुरुक्क ढोका उघ्रियो । स्क्रिप्ट लेख्न सुरु गरे । लेखन सकियो । सुरु भयो चलचित्र 'बगान'को कास्टिङ । सर्ट फिम्म नै किन नहोस्, प्रोडक्सन रिच बनाउने उनको सोच थियो । त्यसैले कास्टिङमा कम्प्रमाइज गरेनन् । उनको उद्देश्य थियो- राम्रो सर्ट फिल्म बनाउँछु, अन्तर्राष्ट्रिय सर्ट फिल्म फेस्टिभलमा विदेश पठाउँछु । चलचित्रको सेन्ट्रल क्यारेक्टरका रूपमा करिष्मा मानन्धरलाई लिए । एक सिनको रोल नै किन नहोस्, करिष्माको जेठाजुको रोलमा नीर शाहलाई आग्रह गरे । करिष्मालाई सहयोग गर्ने पात्र थियो, त्यसमा उनले रोजे मिथिला शर्मालाई । सरोजले यी तीन कलाकारलाई अफर गरे । नाइँ कसैले भनेन । स्क्रिप्ट कसैले मागेन । सिनेमाको सुटिङ सुरु गरियो । जतिजति सिनेमा खिचियो, सरोजलाई राम्रो लाग्दै गयो । एक दिन उनले बोलाए निर्देशक विकाशराज आचार्यलाई । फुटेज देखाए । आफूनिकट अरू केही निर्देशकलाई पनि देखाए । उनीहरू सबैले भने- यो त हलमा देखाउनुपर्छ ।

"फेस्टिभलमा पठाउने हो भने त्यो पनि बनाऊ, तर यसमा कमर्सियल इलिमेन्ट थपेर फिचर फिल्म बनाऊ, हलमा चाहिँ देखाउने सिनेमा बनाऊ," हेर्नेजतिले भने । ५५ मिनेटको सर्ट फिल्मको लगभग सुटिङ प्याकअप भइसकेको थियो । सुझाव मन मनासिब लाग्यो । सरोजले आँट गरे, ५५ मिनेटको सिनेमालाई लम्ब्याएर फिचर फिल्म बनाउन । कथाकारको कथामा कतिपय चरित्र कहाँबाट आयो जस्टिफाई थिएन । त्यो कुरा देखाउनुपर्छ भन्ने सुझाव आएको थियो । ती क्यारेक्टरको ब्याक हिस्ट्री ल्याउँदा चरित्रले पनि न्याय पाउँथ्यो । केही सब प्लट थप्दा सर्ट फिल्म फिचर फिल्ममा परिणत हुन्थ्यो । त्यसै गरे । सरोजले सर्ट फिल्मलाई फिचर फिल्मको लेन्थ दिन थाले । आकाश श्रेष्ठ त्यही क्रममा भित्रिएका पात्र हुन् । सुरुमा दुई महिनाबाहेक अरूको एकदेखि दुई सिनभन्दा धेरै थिएन । पछि थपिँदै गयो । दुइटा रोमान्टिक सङ थपियो । एउटा स्याड सङ राखियो । थप ५५ मिनेट सिनेमाको लेन्थ बढ्यो । "सर्ट फिल्मलाई मैले फिचर फिल्ममा रूपान्तरण गरेँ । तर, म यति भन्छु- म ट्र्याकबाट अलिकति पनि भागेको छैन," उनी भन्छन्, "काठमाडौं, पोखरा, कालिञ्चोक र सिन्धुलीमा दुई सिफ्ट खिचेको चलचित्र २१ दिनमा छायांकन सकियो ।" तीन दशक अभिनय गरेर काबिल बनेका सरोज आफूले कलाकारलाई चरित्रबाट भड्किन नदिएको बताउँछन् । उनले करिष्माको अभिनयबारे भने, "म यतिचाहिँ दाबी गरेर भन्छु- करिष्माजीले आफ्नो करिअरमा २०० भन्दा धेरै सिनेमाका काम गर्नुभयो होला, तर यत्तिको अभिनय उहाँले कहिल्यै गर्नुभएको थिएन ।"

२१ दिनसम्म सरोजले सुटिङ अवधिभर करिष्मालाई ऐना हेर्न दिएनन् । उनी भन्थे, 'करिष्माजी, नेपालको सबभन्दा राम्रो हिरोइन तपाईं हो, तपाईंमा भएको ब्युटी मलाई लुकाउनु छ । तपाईं राम्री बन्ने प्रयास होइन, राम्रो एक्टिङ गर्नुस् ।' सरोजलाई बेलाबेला गाली गर्दै करिष्मा भन्थिन्, 'सरोजले मलाई ऐना हेर्न, मेकअप गर्न पनि दिँदैन, के गर्न खोज्या हो ?' पछि डबिङमा आउँदा करिब-करिब सिनेमा तयार भइसकेको थियो । सरोजले फिल्म प्ले गर्दै करिष्मालाई भने, 'मैले तपाईंसँग त्यो बेला फाइट गरेको यसका लागि हो, हेर्नुस् सिनेमा ।' "सिनेमा हेरेर करिष्माजी बरबर्ती आँसु झारेर रुनुभयो । तिमीले मलाई किन ऐना हेर्न र मेकअप गर्न दिएनौ भन्ने आज थाहा पाएँ भन्नुभयो," सरोज भन्छन्, "योबीचमा उहाँलाई आमाको रोलमा अफर कति आए होला, तर गर्नु भएन । सायद अभिनयको भोक पनि थियो होला र त्यो 'बगान'मा मुखरित भयो होला । तर, यसमा उहाँले आफ्नो क्षमताको लेभल पुनः एकपटक प्रमाणित गर्नुभएको छ ।" करिष्माको करिअरकै यो अब्बल अभिनय भएको फिल्म उनी यसकारण पनि भनिरहेका छन् कि आफूसँग दर्जनौं सिनेमामा सँगै स्क्रिन सेयर गरेकी उनको अभिनयका विषयमा नीर शाहले सरोजलाई भने- तिमीले त करिष्मालाई यु-टर्न गराएछौ । 'मौन आकाश' टेलिभिजनमा नदेखाइदिएको भए सरोज हिरो हुन्थे/हुँदैन थिए, थाहा छैन । सरोज आफू हिरो हुनुको श्रेय ढुक्कले नीर शाहलाई दिन्छन् । उनी नीरको ठूलो फ्यान, आफैँले अब्बल मानेको र आइडल ठानेको उनै व्यक्तिसँग पहिलोपटक 'प्रेमपिण्ड'मा सँगै काम गर्ने मौका पाए ।

"म उहाँको अगाडि 'प्रेमपिण्ड'मा काम गर्दा लिट्र्ल्ली थरथर कामेको थिएँ," सरोज भन्छन्, "यति राम्रो कलाकारसँग अभिनय गरिरहेको छु, कतै मेरो कारणले उहाँले रि-टेक गर्नुपर्ने हो कि भनेर डर लाग्थ्यो । यदि, मैले बिगारेँ भने सहकलाकारका लागि ठूलो अन्याय हुन्छ भन्ने लाग्थ्यो । त्यस्तो मान्छेलाई डाइरेक्सन गर्छु भनेर मैले फोन गरेँ ।" अरू कलाकारलाई प्रोडक्सनले फोन गर्थ्यो । तर, नीरलाई सरोज आफैँले फोन गरे । नीरले न कथा सोधे न स्क्रिप्ट मागे, सिधै भने- सरोज बाबु, म कहिले आऊँ सुटिङ गर्न ? एक हप्तापछि नीरको सेड्युल थियो । आफूलाई सिनेमाको ढोका उघारदिने नीरलाई डाइरेक्सन गर्दै थिए । नीरलाई लिन सरोज आफैँ बूढानीलकण्ठ पुगे । गाडीमा उनले नीरको क्यारेक्टरबारे बुझाउँदै आए । सरोजले कसैलाई पनि यसरी अभिनय गर्नुस् भनेनन् मात्र क्यारेक्टर बुझाइदिए । नीरले सरोजलाई भनेँ- सरोज बाबु, तपाईंले भनेको क्यारेक्टर बुझेँ, ५/६ वटा भेराइटी दिन्छु, तपाईंलाई कुन ठिक लाग्छ भन्नुस् है । "उहाँले भटाभट नयाँ-नयाँ क्यारेक्टर गर्न थाल्नुभयो, त्यसमध्ये मन परेको मैले यो ठिक छ भनेँ," सरोज भन्छन्, "तपाईंको एउटा बेग्लै छवि छ, योपटक तीभन्दा केही फरक होस् है भनेको थिएँ । मैले भनेजस्तै पाएपछि मैले यो क्यारेक्टरमा बसौँ भने ।" नीरको क्यारेक्टर छोटो तर दमदार रहेको उनी सुनाउँछन् । सरोज भन्छन्, "उहाँ आफैँ पनि खुसी हुनुहुन्छ ।"

***-बाह्रखरी डटकम***

# अंग्रेजीका शिक्षकलाई अभिमुखीकरण




**पाल्पा,** असार १९/अंग्रेजी विषय पढाउने शिक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रम गरिएको छ । रामपुर नगर सरकारको शिक्षा शाखाले आधारभुत तहमा अंग्रेजी पढाउने शिक्षकहरुका लागि २ दिने शिक्षण अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो ।

अंग्रेजी विषयको शिक्षालाई थप गुणस्तर र विद्यार्थीहरुले सहजै सिक्न सक्ने बनाउन शिक्षण अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको नगर शिक्षा शाखाले जनाएको छ । दुई दिने अभिमुखीकरण एक आचैपचारिक कार्यक्रमकाबिच समापन गरिएको छ । नगर प्रमुख रमणबहादुर थापाले कार्यक्रमको समापन गरेका हुन् । कार्यक्रमको समापन गर्दै नगर प्रमुख थापाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अंग्रेजी सुधारका लागि शिक्षकहरुको महत्वपूर्ण भूमिका हुने बताए । विद्यालयमा अध्यापन गराउने शिक्षकको मेहनतमा विद्यार्थी र समग्र विद्यालयको शैक्षिक गुणस्तर निर्भर हुने भन्दै शिक्षकलाई शिक्षण अभिमुखीकरण महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । कक्षा शिक्षणलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन शिक्षकले प्रयोग गर्ने शैक्षिक सामग्री र शिक्षण विधिमा सुधार्न शिक्षकहरुलाई उनले आग्रह गरे । नगर प्रमुख थापाले जुनसुकै क्षेत्रको दीर्घकालिन विकासका लागि समुदायमा शिक्षाको विकास हुन जरुरी बताए । उनले भने 'भौतिक विकासले मात्र कुनै पनि क्षेत्रको विकास भएको मानिदैन यसका लागि त्यहाँ बसोबास गर्ने मानिसको मस्तिष्कको विकास हुन आवश्यक छ ।' मानिसको मस्तिष्कको विकास भए मात्र हरेक विकाले सार्थकता पाउने भन्दै शिक्षाको माध्यमबाट मस्तिष्कको विकासका लागि शिक्षकहरुलाई लाग्न उनले आग्रह गरे । भौतिक विकासका लागि जनप्रतिनिधि लागेको भन्दै नगर प्रमुख थापाले नगरको शैक्षिक र सामाजिक विकासको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्नेमा जोड दिए ।

कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत रामहरि पाण्डेले विद्यालयको शैक्षिक सुधारका लागि शिक्षकको महत्वपूर्ण भूमिका रहने बताए । उनले शिक्षकले चाहेमा विद्यालय र विद्यार्थीको अंग्रेजी विषयमा सुधार हुने धारणा व्यक्त गरे । नगर शिक्षा अधिकृत विकल काफ्लेले नगरपालिकाले शिक्षकहरुको क्षमता विकासमा धेरै लगानी गरेको भन्दै अब त्यसको प्रतिफल लिनु पर्ने बेला आएको बताए । सञ्चालन गरेका कार्यक्रमको प्रभाव र शिक्षकहरुको सीप क्षमताको मूल्यांकनका लागि अनुगमनको पाटोमा जोड दिईने समेत उनले बताए । तालिमका प्रशिक्षक सुनिल देवकोटा र बाबुराम पंगेनीले २ दिनसम्म तालिममा सिकेका कुरालाई व्यवहारमा लागु गरेर सामुदायिक विद्यालयलाई अंग्रेजीमा कमजोर छ भन्ने कुरालाई चिर्न आग्रह गरे । कार्यक्रममा सहभागी शिक्षकहरु लेख प्रसाद श्रेष्ठ र रस्मिता पोखरेलले तालिम समय सापेक्ष र उपलब्धिमूलक भएको भन्दै तालिममा सिकेका कुरा कक्षा शिक्षणको क्रममा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।


# भूमिहीनलाई लालपुर्जा वितरण



**लुम्बिनी,** असार १९/रुपन्देहीको गैडहवा गाउँपालिकामा भूमिहीनलाई जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) वितरण गरिएको छ । गाउँपालिकाको वडा ६, ७ र ८ का करिब पाँच सय ९४ जग्गाधनीलाई जोतभोगका आधारमा गाउँ ब्लक जग्गाको पुर्जा वितरण गरिएको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ चौधरीले जग्गाधनी पुर्जा वितरण गरिन् । त्यस अवसरमा मन्त्री श्रेष्ठले सरकारले नापजाँच गर्न छुटेका गाउँ ब्लक तथा सुकुम्बासीका जग्गा नापजाँच गरेर वर्षौंदेखि जोतभोग गर्दै आएका स्थानीयलाई लालपुर्जा वितरणकार्य प्राथमिकतामा राखेको बताईन् । उनले सामाजिक तथा आर्थिकरूपमा पिछडिएका भूमिहीन सुकुम्बासी र दलित, अव्यवस्थित बसोबास, सीमान्तकृत वर्ग र समुदायको भूमिमा अधिकार र पहुँच स्थापित गर्ने, महिलाको भूमिमा समान अधिकार स्थापित गर्ने बताइन् । रुपन्देही क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्य वासुदेव घिमिरेले भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि स्थानीय सरकारको सक्रियता सराहनीय रहेको बताए । उनले भूमिहीनबाट सरकारले लिने राजस्व चर्को भएको भन्दै सरकारको ध्यानाकर्षण गराए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलले पुस्तौंदेखि जमिनको भोगचलन गर्दै आएकाहरू पुर्जा नहुँदा समस्यामा परेको गुनासो आएपछि तत्काल यसका लागि आफूहरूले पहल गरेको बताए । भोगचलन गरेको ६३ वर्षपछि लालपुर्जा पाउँदा स्थानीय निकै खुशी भएका छन् । पुर्जा नहुँदा उनीहरूले व्यक्तिगत काम, बैंकबाट ऋण लिने, धितो राख्ने, बेचबिखन गर्न, अंशबण्डा गर्नसमेत बञ्चित थिए । यस्तै गैडहवा गाउँपालिका र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत रहेको नापी विभाग रुपन्देहीको सहकार्यमा गाउँपालिकाको वडा ८ बाट पुन: नापजाँच सुरु भएको छ । जग्गा आवासका लागि योग्य भएको सबैजसो जग्गामा अहिले पुरानो बस्ती बसिरहेको जग्गाको नापजाँच गर्ने, श्रेस्ता तयार गर्ने र जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने गरी तीव्ररूपमा काम गरिने गाउँपालिका अध्यक्ष पौडेलले बताए । *-रासस*

## नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की जिल्ला स्याङ्जा साविक कारिकोट गा.वि.स. वडा नं. ५ हाल कालीगण्डकी गाउँपालिका वडा नं. १ निवासी भारतिय भू.पू. सैनिक नं. ५३४४८०४ टि.एस. नायक डिल बहादुर थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा डिल बहादुर थापा सारू, जन्म मिति २०१७/०७/११ उल्लेख भएको र निजको भारतीय अभिलेखमा नामथर डिल बहादुर थापा, जन्म मिति २०१८/०७/१५ र निजको श्रीमती हिरा सारुको नेपाली नागरिकताको प्रमाणपत्रमा हिरा सारु, जन्ममिति २०१८/०५/२० उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर घिभ कुमारी थापा, जन्ममिति २०२०/११/२२ उल्लेख भई अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएता पनि उपरोक्त व्यक्तिहरु एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरो सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

खेलकुद समाचार

# नेपाललाई एसीसी यू-१६ इस्ट जोन कपको उपाधि




**काठमाडौं,** असार १९/ब्याटिङ र बलिङ दुवैमा उत्कृष्ट प्रदर्शन गर्दै नेपालले लगातार तेस्रो पल्ट एसीसी यू-१६ इस्ट जोन कप क्रिकेटको उपाधि जितेको छ । मंगलबार भएको फाइनलमा घरेलु टोली मलेसियालाई २२१ रनको फराकिलो अन्तरले हराएको हो ।

एसियाली क्रिकेट काउन्सिलले यसअघि एसीसी यू-१६ इस्टर्न रिजनको नाममा प्रतियोगिता आयोजजा गरेको थियो र नेपालले २०१७ र २०१९ मा लगातार उपाधि जितेको थियो । नेपालविरुद्ध २५३ रनको लक्ष्य पछ्याएको मलेसिया १४.५ ओभरमा मात्र ३१ रन बनाएर आउट भयो । मलेसियाका मोहमद अक्रमले १० रन बनाउनु बाहेक अरु ब्याटरले दोहोर स्कोरमा रन नै बनाउन सकेनन् । मलेसयाका ५ जना ब्याटरले खाता खेल्न सकेनन् । नेपालका अभिषेक तिवारीले ५ तथा सन्तोष यादवले ३ विकेट लिए । ६ ओभर बलिङ् गरेका तिवारीले १ मेडन राखेर जम्मा ७ रन मात्र दिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले नरेन भट्टको शतक मद्दतमा ८ विकेटको क्षतिमा पूरै ३५ ओभर खेल्दै २५२ रन बनाएको थियो । नेपालका लागि नरेन भट्ट एक्लैले ८९ बलमा सर्वाधिक अविजित ११२ रनको योगदान गरे । उनले १० चौका र दुई छक्का मद्दतमा ११२ रन बनाए । नेपालका लागि निरजकुमार यादवले ४७, सन्तोष यादवले २६, सूर्यांशु कोइरालाले १८, अशोक धामीले ११, दिपु कुमारले ५, क्याप्टेन अभिशेक तिवारीले ४, आशिष लुहारले २ र प्रतिक भट्टराईले एक रन बनाए । नेपालले २६ रन अतिरिक्त पायो । मलेसियाका मोहम्मद अकरमले तीन तथा हजिक हाइकल, अरिन अक्ल र मुहम्मद फथुल मुइनले समान एक/एक विकेट लिए ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# दुई दिन आरालो लागेको नेप्से तेस्रो दिन बढ्यो



**पाल्पा,** असार १९/यो साताको सुरुवाती दुई दिन ओरालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा तेस्रो दिन मंगलबार भने दोहोरो अंक बढेको छ । तेस्रो दिन कारोबारमा नेप्से परिसूचक १२ दशमलव ७३ अंकले बढेको हो ।

नेप्से दोहोरो अंकले बढेसँगै दुई हजार ८८ दशमलव ७० अंकमा कायम भएको छ । सो अवधिमा विभिन्न दुई सय ८२ कम्पनीका ६४ लाख ५० हजार नौ सय ३४ कित्ता शेयर ४६ हजार सात सय ३१ पटक खरिदबिक्री हुँदा दुई अर्ब ५७ करोड ६१ लाख ४० हजार एक सय २८ बराबरको कारोबार भएको छ । नेप्से परिसूचकसँगै सबै समूहको उपसूचक पनि हरियो देखिएको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूहमा देखिन्छ । जसमा एक सय ३३ दशमलव ३४ र निर्जीवन बीमा समूह ७८ दशमलव ०७ अंकले बढेको हो । बैंकिङ समूहमा एक दशमलव ०७, विकास बैंक ३१ दशमलव ०५, वित्त ३५ दशमलव ३४, जलविद्युत् तीन दशमलव १६, लगानी शून्य दशमलव ९९ र जीवन बीमा ३० दशमलव ५० अंकले बढेको छ । त्यसैगरी, उत्पादन तथा प्रशोधन ४० दशमलव ०८, लघुवित्त ३० दशमलव २१, म्युचुअल फन्ड शून्य दशमलव ०२, व्यापार १५ दशमलव ८१ र अन्य समूह १५ दशमलव ८१ अंकले बढेको छ । सिटी होटल लिमिटेडको शेयर मूल्यमा नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने विपिडब्ल्यु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नागरिक लगानी कोषको १२ करोड १७ लाख आठ सय ३० बराबरको शेयर खरिदबिक्री भएको छ । त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको दुई लाख १४ हजार पाँच सय ८३ कित्ता शेयर किनबेच भएको हो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६४, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई